# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः २, बैशाख ७ गते, २०७८ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग २

# व्यास नगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१।७

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ बमोजिमको एकल अधिकार तथा अनुसूची बमोजिमका साझा अधिकार बमोजिम व्यास नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिमका कर, शुल्क सङ्कलन सम्बन्धमा आय ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र व्यास नगरपालिका आर्थिक ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त र प्रारम्भ नाम** : (१) यो नियमावली को नाम "आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली, २०७८" सम्झनु पर्छ ।

(२) यो नियमावली व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "ऐन" भन्नाले व्यास नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "अमानत" भन्नाले नगरपालिका आफैले आय सकङ्लन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "आय बन्दोबस्त" भन्नाले नियम ३ अनुसार गरिने आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्झनु पर्छ ।

(घ) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस नियमावली बमोजिम आय ठेक्का सम्बन्धी कार्य स्वीकृत गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

(ङ) "कबोल अङ्क (बिड प्राइस)" भन्नाले कुनै बोलपत्रको परीक्षणबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ज) "कार्यालय प्रमुख" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने गरी तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(झ) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ड) "बहुवर्षीय सम्झौता" भन्नाले एक वर्षभन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ ।

(ढ) "बोलपत्र" भन्नाले नगरपालिकाले आय ठेक्का बन्दोबस्तका लागि प्रकाशन गरेको सूचना अनुरुप तोकिएको ढाँचामा बोलपत्रदाताले पेश गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररटे सम्झनु पर्छ । सो शब्दले दरभाउपत्र समेतलाई बुझाउँने छ ।

(ण) "मूल्याङ्कन समिति" भन्नाले नियम १२ बमोजिमको समिति सम्झनु पर्छ ।

(त) "राजश्व परामर्श समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित राजश्व परामर्श समिति सम्झनु पर्छ ।

(थ) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा सभ्झनु पर्छ ।

(द) "संयुक्त समिति" भन्नाले सीमानामा पर्ने नदीजन्य पदार्थ, वन पैदावार, खानी, सवारी करसँग सम्बन्धित वा यस्ता प्रकृतिका आय सङ्कलनमा छिमेकी पालिकाहरुको समेत अधिकार हुने वा असर हुने आय सङ्कलन कार्यको आय ठेक्का बदोबस्त गर्न सम्बन्धित पालिकाहरुको प्रतिनिधित्व हुने गरी गठित संयुक्त समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## ठेक्का बन्दोबस्त सम्बन्धी

३. **आन्तरिक आयको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने** : (१) प्रचलित कानुन बमोजिम सभाले निर्णय गरे अनसुारको कर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा नगर कार्यपालिकाले निर्णय गरी बढीमा ५ वर्षसम्मको लागि एकै पटक बहुवर्षीय ठेक्का बन्दोबस्त गर्न गराउन सक्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले नेपालको संविधानको अनुसूची ८ र सङ्घीय तथा प्रदेश कानुनले प्रदान गरेको अधिकार अन्तर्गत रही आफनो क्षेत्रभित्र सङ्कलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) यस नियम बमोजिम ठेक्का बन्दोबस्त गर्दा लागत प्रभावकारी हुने, प्रशासनिक सहजता हुने वा आय वृद्धि हुन सक्ने अवस्थामा ऐन र यस नियमावलीको

अधिनमा रही अन्य पालिकासँग आपसी सहमतिद्वारा संयुक्त रुपमा ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

(३) यस नियम बमोजिम ठेक्का बन्दोबस्त गर्दा सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगाडि नै ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । आय ठेक्काको न्यूनत्तम अङ्क राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले कायम गरे बमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिम ठेक्का बन्दोबस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ :

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनत्तम ठेक्का अङ्क र असुली कार्य तालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्य तालिका र कार्यान्वयन कार्य योजना तयार भइसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँभन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र सो भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्न सक्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा बीस लाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालय, वडा कार्यालयहरु, जिल्ला समन्वय समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय उद्योग वाणिज्य संघ जस्ता संस्थाको कार्यालयमा समेत सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ । बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना कार्यालयको वेव साइटमा समेत राख्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा,

(४) बोलपत्र फाराम प्राप्त हुने स्थान र तरिका,

(५) बोलपत्र पठाउनु पर्ने तरिका,

(६) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,

(७) बोलपत्र बापत लाग्ने दस्तुर,

(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(९) निर्णय गरिने सम्भावित मिति,

(१०) जमानत बापत राख्नु पर्ने रकम वा बैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,

(११) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (७) बमोजिम बोलपत्र फारामको दस्तुर कायम गर्दा प्रचलित कानुनमा उल्लेख भए बमोजिमको मूल्य कायम गर्नु पर्नेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने विधि प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित न्यूनत्तम ठेक्का अङ्कभन्दा कम भएमा पहिलो पटकको लागि तोकिएको म्यादभन्दा कम्तीमा आधा म्याद दिई पुनः बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ :

(१) बढाबढ हुने स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड (ङ) र खण्ड -झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा डाँक बोल्ने व्यक्तिले आफूले कबुल गरेको अङ्कको पाँच प्रतिशत रकम नगदै वा सूचनामा तोकिएको बैंकमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको प्रचलित कानुन बमोजिम म्याद रहेको बिड बण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजको निवेदन अनुसार फिर्ता गर्नु पर्नेछ ।

तर, कुनै ठेक्काको चलन पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म जमानत फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा फ्याक्सद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) यस नियम बमोजिम पर्न आएका वोलपत्र वा डाँक बढाबढको प्रस्तावको लागि पेश भएका कागजातहरु बोलपत्रका सर्त बमोजिम भए नभएको हेरी यसै नियमावलीको नियम १२ बमोजिम गठित आय ठेक्का मूल्याङ्कन समितिले सिफारिस सहित निर्णयको लागि पेश गनु पर्नेछ ।

४. **ठेक्का स्वीकृत गर्ने :** (१) नियम ३ बमोजिम प्रकाशित सूचना अनुसार दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक नियम ३ को उपनियम (८) बमोजिमको सिफारिसका आधारमा कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) यस नियम बमोजिम ठेक्का स्वीकृत गर्दा ठेक्काका शर्तहरु पूरा गरी सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रहरु मध्ये सबैभन्दा बढी अङ्क कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) नियम ३ बमोजिम डाँक बढाबढ गर्दा न्यूनत्तम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै नगरपालिकाले बन्दोबस्त गरेको आयको प्रकृति अनुसार सबै ठेक्का अङ्क वा डाँक कबोल गर्ने बोलपत्रदातालाई समान रुपले लागु हुने गरी स्वीकृत न्यूनत्तम रकमको सीमा भित्र रही निश्चित रकम तोकी बोलपत्र आब्हानको सूचनामा बोलपत्रदाताले पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ । यस्तो रकम नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत हुनु पर्नेछ ।

तर, न्यूनत्तम अङ्क नखुल्ने वा एकाइ दर मात्र खुल्ने गरी बोलपत्र आब्हान गरिएको अवस्थामा नगरपालिकाले बोलपत्र सम्बन्धी कागजात वा पूर्व योग्यता सम्बन्धी कागजात र बोलपत्र आव्हानको सूचनामा बोलपत्र जमानतको लागि एकमुष्ट रकम तोक्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधिभन्दा कम्तीमा ६० दिन बढिको हुनु पर्नेछ ।

(५) कुनै बोलपत्रदाताले नगरपालिकालाई कुनै खास वाणिज्य बैंक वा वित्तीय संस्थाले जारी गरेको बोलपत्र जमानत ग्राह्य हुने वा नहुने भन्ने कुरा खुलाई दिन अनुरोध गरेमा सो सम्बन्धमा नगरपालिकाले तत्कालै जवाफ दिनु पर्नेछ ।

(६) विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत नेपाल भित्रको वाणिज्य बैंकले प्रति प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको हुनु पर्नेछ ।

(७) नगरपालिकाले बोलपत्रको मान्य हुने अवधिभित्र खरिद सम्झौता गरी सक्नु पर्नेछ । कुनै कारणवश सो म्याद भित्र ठेक्का सम्झौता गर्न नसकिने भएमा रीत पुगको सबै बोलपत्रदाताहरूलाई बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ ।

(८) उपनियम (५) बमोजिमको पत्र अनुसार बोलपत्रको मान्य हुने अवधि बढाउने वा नबढाउने भन्ने सम्बन्धमा बोलपत्रदाताले निर्णय गर्न सक्ने छन् । बोलपत्रको मान्य हुने अवधि नबढाउने बोलपत्रदाताको बोलपत्र जमानत जफत गर्न पाइने छैन । बोलपत्रको मान्य हुने अवधि बढाउने बोलपत्रदाताले सोही अनुरुप सम्बन्धित बैंकबाट मान्य अवधि समेत थप गरी बोलपत्र जमानत पेश गर्नु पर्नेछ । यसरी बोलपत्रदाताले अवधि थप गरी बाले पत्र जमानत पेश नगरेमा बोलपत्रको मान्य हुने अवधि बढाएको मानिने छैन ।

(९) कुनै बोलपत्रदाताको बोलपत्र जमानत जफत भएको अवस्थामा नगरपालिकाले निजले राखेको जमानत रकम आफूलाई भुक्तानी गर्न त्यस्तो जमानत जारी गर्ने बैंक समक्ष जमानत मान्य रहने अवधि भित्रै दावी गर्नु पर्नेछ ।

(१०) नगरपालिकाले ऐन वा यस नियमावली बमोजिम जफत गर्नु पर्ने बोलपत्र जमानत बाहेक अन्य बोलपत्र जमानत खरिद सम्झौता भएको सामान्यतः ३५ दिन भित्र सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्नेछ ।

(११) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक रु.२५ करोडसम्मको प्रमुख प्रशासकीय अधिकृतले र सो रकम भन्दा बढीको स्वीकृत गर्ने अधिकार प्रमुखलाई हुनेछ ।

५. **बोलपत्र मान्य हुने अवधि :** नगरपालिकाले बोलपत्र सम्बन्धी कागजात सम्बन्धी कागजातमा बोलपत्र मान्य हुने अवधि उल्लेख गर्दा देहाय बमोजिमको अवधि उल्लेख गर्नु पर्नेछः

(क) दश करोड रुपैयाँसम्म न्यूनत्तम अङ्क कायम भएको बोलपत्रको लागि - नब्बे दिन

(ख) दश करोड रुपैयाँभन्दा जति सुकै बढी न्यूनत्तम अङ्क कायम भएको बोलपत्रको लागि -एक सय बीस दिन

परिच्छेद ३

बोलपत्र वा प्रस्ताव स्वीकृत सम्बन्धी

६. **बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने अवधि :** सार्वजनिक निकायले बोलपत्र वा प्रस्ताव खोलेको मितिले १५ दिनभित्र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदातालाई दिनु पर्नेछ ।

७. **पट्टा दिने र कबुलियत गराउने :** (१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना बोलपत्र वा डाँकवालालाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटाको म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबुल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिने छ ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई कबुलियत गर्न मञ्जूर गरेमा निजबाट कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बाले पत्र वा डाकँवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउन बोलपत्र वा डाँकवालाको धरौटी जफत गर्नुपर्नेछ । जफत गरेको धरौटी रकमभन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्ताबाट सरकारी बाँकी सरह असूल उपर गरिने छ ।

तर, यसरी ठेक्का बन्दोबस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुर्‍याई पुनः बोलपत्र आव्हान गर्न समेत सकिने छ ।

(४) नियम ३ को उपनियम (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि बोलपत्र वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्था गर्न सकिने छ । संयुक्त समितिको अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिन भित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागि संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिन भित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिई सक्नु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का

पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराई पट्टा दिनु पर्नेछ । परफरमेन्स बण्डको अवधि सम्झौता अवधि भन्दा कम हुने छैन ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिने छ ।

(७) यस नियममा जुनसुकै कुरा उल्लेख भए तापनि संयुक्त समिति गठन नभएसम्म सम्बन्धित पालिकाहरु बीच गरिएको आपसी सहमतिमा उल्लेख भए बमोजिम हुनेछ ।

८. **<u>ठेक्का रकमको किस्ता बुझाउने तरिका</u> :** (१) आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्य तालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर, यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झातैाको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा औचित्य हेरी बढीमा पाँच प्रतिशतसम्म छुट दिन सकिने छ ।

तर यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

९. **<u>ठेक्का तोड्न</u> :** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भई सकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा अन्य तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम र सोही रकम बराबरको रकम हर्जाना स्वरुप त्यस्तो ठेकेदारबाट असूल गरी बढी लिएको वा दोहोरो पर्न गएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गरिनेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिने छ । यसरी धरौटी जफत गरी नयाँ ठेक्का बन्दोबस्त गर्दा साविक ठेक्कावालालाई कालोसूचीमा राखी सोको जानकारी अन्य पालिकाहरु र व्यवसाय दर्ता वा इजाजत पत्र दिने कार्यालयलाई समेत जानकारी दिइने छ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएको अवस्थामा बाँकी ठेक्का अवधिको निमित्त मात्र बोलपत्र वा डाँक बढाबढ गरिने वा प्रतिस्पर्धामा रहेका क्रमानुसारका बोलपत्रदाता वा डाँकवालासँग दामासाहीले नयाँ ठेक्का अङ्क कायम गरी नियमानुसारको धरौटी रकम र बैंक ग्यारेण्टी लिई साविकको स्वीकृत ठेक्काको दरमा नयाँ असूली कार्यतालिका बनाई ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

(५) उपनियम (४) बमोजिम नयाँ ठेक्का बन्दोबस्त गर्न वा पुनः ठेक्का बन्दोबस्त गर्न लाग्ने समय सम्मको बिचको अवधिका लागि कार्यालयले आय सङ्कलन सम्बन्धी अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

(६) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट भएको नोक्सानी र सम्बन्धित ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको पाँच प्रतिशत छुट समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिने छ ।

तर आर्थिक ऐनले तोकेको आधारमा काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये राजश्व परामर्श समितिको परामर्शमा उपयुक्त निर्णय गर्न सक्नेछ ।

१०. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :** (१) कार्यालयले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, उद्योग बाणिज्य संघ, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सकिने छ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सकिने छ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए त्यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१) (२) र (३) बमोजिमको प्रकियाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गरिने छ ।

११. **सम्पत्ति तथा उत्पादनको बिक्री सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको र आफूले गरेको उत्पादित वस्तु तथा सेवाको बिक्री गर्दा प्रचलित कानुनमा स्पष्ट व्यवस्था नभएको अवस्थामा यस नियमावलीको अधिनमा रही गर्नु पर्नेछ । तर, अचल सम्पत्ति बिक्री गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) अनुसार अन्य उत्पादनहरुको मूल्य निर्धारण एवं बिक्री प्रक्रिया व्यवस्थापनका लागि नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

१२. **मूल्याङ्कन समिति :** (१) आय ठेक्का बन्दोबस्त सम्बन्धी मूल्याङ्कन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको मूल्याङ्कन समिति हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक
(ख) वित्त व्यवस्थापन शाखा प्रमुख - सदस्य
(ग) प्रशासन तथा जनशक्ति शाखा प्रमुख - सदस्य
(घ) राजश्व व्यवस्थापन उपशाखा प्रमुख - सदस्य
(ङ) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

(२) कानुन अधिकृत आमन्त्रित सदस्य हुने छन् ।

## परिच्छेद ४
## विविध

१३. **विविध :** (१) आय ठेक्का व्यवस्थापन सम्बन्धमा यस नियमावलीमा उल्लेख भएकोमा यसै नियमावली बमोजिम र उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन र सो ऐन बमोजिम बनेका नियमावलीहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) बचाऊः नगरपालिकाले आय सङ्कलनका सम्बन्धमा यस अघि गरेका आय ठेक्का सम्बन्धी कार्य यसै नियमावली बमोजिम भएको मानिने छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत